# बालकुमारी घटना जाँचबुझ आयोग

सिंहदरबार,
काठमाडौं, नेपाल ।
फोन नं: ०१४२११०९०
Email: balkumariaayog@gmail.com

च.नं.:
प.सं.:

## प्रेस विज्ञप्ति

मिति २०८० साल पुस १३ गतेका दिन ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारीस्थित इ.पि.एस. कोरिया शाखा कार्यालयमा परीक्षा फाराम भर्ने विषयलाई लिएर भएको प्रदर्शनको समयमा सुरक्षा प्रदान गर्ने क्रममा हुन गएको अप्रत्याशित घटनामा परी अछाम जिल्ला चौरपाटी गाउँपालिका वडा नं. १ घर भई हाल काठमाडौं बस्ने वर्ष २१ को विरेन्द्र शाह र दैलेख जिल्ला महाबु गाउँपालिका वडा नं. ६ घर भई हाल भक्तपुर बस्ने वर्ष २३ को सुजन राउतको मृत्यु समेत भएको दु:खद् घटनाका सम्बन्धमा छानबिन गरी राय, सुझाव र सिफारिस सहितको प्रतिवेदन एक महिना भित्र पेश गर्ने गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८० पौष १६ गतेको निर्णयानुसार जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) बमोजिम उच्च अदालतका पूर्व न्यायाधीश श्री शेखर प्रसाद पौडेलज्यूको अध्यक्षतामा "बालकुमारी घटना जाँचबुझ आयोग, २०८०" गठन भएको विदितै छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार आयोगलाई उक्त घटनाका विषयमा निष्पक्ष र वस्तुगत छानबिन गर्ने, मानवीय, भौतिक लगायत अन्य क्षतिको विवरण अध्ययन विश्लेषण गर्ने, घटनाको कारण र उक्त स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी त्यसमा देखिएका कमि कमजोरी पहिचान गर्ने, सो घटनासँग सम्बन्धित व्यक्ति, पदाधिकारी एवं निकायको भूमिकाको बारेमा अध्ययन गर्ने र दोषी देखिएकालाई कारबाहीको सिफारिस गर्ने, आगामी दिनमा यस किसिमको घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपाय समेटी सुझाव सहितको प्रतिवेदन कार्य प्रारम्भ गरेको एक महिनाभित्र पेश गर्ने गरी कायदिश प्राप्त भएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयमा उल्लेख भए अनुसार आयोगले २०८० पौष २०, गते देखि कार्य प्रारम्भ गरिसकेको छ र आयोगको कार्यालय सिंहदरबारस्थित गृह मन्त्रालयको पुरानो भवनमा रहेको छ । आयोगलाई यस विषयमा कुनै सल्लाह, सुझाव तथा तथ्यपूर्ण सूचना र जानकारीहरु उपलब्ध गराउन चाहेमा आयोगको इमेल ठेगाना balkumariaayog@gmail.com मा पठाउन सकिने छ। आयोगले पत्राचार गर्दा यसै विज्ञप्तिमा प्रयोग भए बमोजिमको लेटरप्याड प्रयोग गर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

मिति: २०८०।९।२२ गते

अध्यक्ष